**प्रश्न नं. ६८**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.८१७४ देखि ८२९५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

सुकमाया विश्वकर्माको जाहेरीले नेपाल सरकार

बिरुद्ध

खोटाङ जिल्ला, दिक्तेल गाउँपालिका वडा नं. ९ बस्ने रामबहादुर विश्वकर्मा

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) मिति २०७५।०८।०६ गते मेरी जेठी श्रीमती देशविरा विश्वकर्मा घरबाट सरसमानसहित बेपत्ता भएकी हुँदा खोजतलास गरीपाऊँ भन्नेसमेत व्यहोराको खाल्ले -९ बस्ने रामबहादुर विश्वकर्माले मिति २०७५।८।८ गते दिएको हुलिया निवेदन ।

२) दिक्तेल स्थित वातलको लखुरी जङ्गलमा बेवारिसे अवस्थामा महिलाको लास फेला परेको, सो लासको अनुहारमा कालो माटोले पोतिएको, रगत लागेको, नाकको दुबै प्वालमा रगत माटो लागि बन्द भएको, बायाँ कानको लोती च्याती झुण्डिएको, दायाँ लोती च्यातिएको, मुख अर्ध खुल्ला रहेको, घुँडाहरूमा घस्रिएको नीलडामहरू देखिएको, टाउकाको थाप्लोको बायाँ भागमा धारिलो हतियारले काटिएकोजस्तो चोट र टाउकाको पछाडिपट्टिको भाग घुच्चुकमा २ वटा चोट देखिएको भन्ने व्यहोराको भएको घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का ।

३) मेरी छोरी काली भन्ने देशविरा विश्वकर्मालाई मेरो ज्वाइँ रामबहादुर विश्वकर्मा,निजकै कान्छी श्रीमती विमला विश्वकर्मा र खिलबहादुर खड्कासमेतको मिलेमतोमा दिक्तेल-६ स्थित वातलको लंखुरी जङ्गलको एकान्त ठाउँमा लगी मारी फालेको हुँदा निजहरूलाई पक्राउ गरी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

४) खिलबहादुर खड्कालाई दिक्तेल स्थित सार्वजनिक स्थानमा हिँडडुल गर्दैको अवस्थामा फेला पारी निजको शरीर तलाशी गर्दा पेन्टको दायाँपट्टिको गोजीबाट महिलाले कानमा लगाउने सुनको रिङ् जोर १ बरामद भएको जसमध्ये एउटा रिङ्गो एकापट्टिको टुप्पाको भाग भाँचिएको अवस्थामा रहेको भन्ने मिति २०६६।२।११ मा भै आएको बरामदी मुचुल्का ।

५) टाउकोमा चोट लागेको कारण दिमागमा रक्तस्राव भै मृत्यु भएको (Cause of death is due to brain haemorrhage following blunt injury to head) भन्नेसमेत व्यहोराको मृतक महिला -पछि नाम खुल्न आएकी देशविरा विश्वकर्माको शव परीक्षण प्रतिवेदन ।

## प्रश्न नं. ६८

६) देशविरा मेरै सौता हुन् । निज देशविरा विश्वकर्मा र रामबहादुर विश्वकर्माको विवाह भएको १० व वर्षसम्म सन्तान नभएको हुँदा मलाए विवाह गरी सँगै बस्दै आएका थियौ ।घरको मरम्मत संभार गर्नका् लागी खिलबहादुर खड्कालाई पतिले भेटी ल्याएर काठ फेर्न लगाएको हो । त्यसपछि घरमा आउने देशविरासँग सम्बन्ध रहेको भन्ने गाउ समाजमा कुरा उठेपछि समाजमा छलफल समेत भएको थियो । समाजको सामुन्ने खड्कासँग मलाई बात लागेकोले बेइज्जत सहेर बस्नुभन्दा माइतीघर गएर बस्छु भन्दै हामी घरमा नभएको मौका पारी आफना लुगा लिइ माइत जान भनेर जानु भयो तर माइतीमा फोन गर्दा माइती पनि नगएको थाह भएपछि दिदी हराएको भनी प्रहरीमा हुलिया दिएको थियो । देशविरा विश्वकर्मा खिलबहादुर खड्कासँगै मुडेतर्फ जाँदै गरेको देखेको भनी श्रीधन विश्वकर्मासमेतले भनी थाहा पाएको हो । लंखुरी एकान्त जङ्गलमा ३०।३५ वर्षे महिलाको लास फेला परेको कुरा एफ.एम. रेडियोसमेतबाट सुनि शंका लागी पति रामबहादुर विश्वकर्माले लास अस्पतालमा गएर हेर्दा देशविरा विश्वकर्माको रहेछ भनी सनाखत गरी दाहसंस्कार गराएको हो । हामीलाई शंकाको आधारमा दुवैजनालाई पक्राउ गरेको हो हामीलें । देशविरा विश्वकर्मालाई मारे मराएको होइन खिलबहादुर खड्काले मैले मारेको हुँ भनी मुख साबित भएकाले निजले नै मारेका हुन भन्ने एकै मिलानको अनुसन्धान अधिकारी समक्ष विमला तथा राम बहादुर विश्कर्माले गरेको बयान ।

७) मृतकका पति रामबहादुर विश्वकर्मासँग भेट भई निजको घरको सरा काठहरू फेरिदिएपछि निजकी जेठी श्रीमती देशविरासँग चिनजान हिमचिम भइ एकपटक शारीरिक सम्पर्कसमेत भएको र नजिकिँदै गएको देखी गाउँका मानिस तथा रामबहादुरले पनि शङ्का गरी मानिससमेत भेला गरी छलफल हुँदा शङ्काको भरमा आरोप लगाउन हुँदैन भन्दै समाजको छलफल उठेको हो । निज देशविरा विश्वकर्मा माईतितिर गएकी छ भन्ने सुनेकोले म पनि आफ्नो घर पुगेर आउनु पर्यो भन्दै जाँदा बाटोमा मृतकसँग भेट भयो । मेरो हात समाइ मेरो वेइज्जत भयो मलाइ काठमाण्डौ वा विराटनगरमा लगेर राख भनेर कराउन थालेपछि दुईजनाबीच भनाभन भयो । मलाई पनि रिस उठी नजिकै भएको ढुङ्गा उठाई देशविरा विश्वकर्माको थाप्लो घुच्चुकसमेतमा हानी मारी निजले कानमा लगाएको सुनको रिङ् (कुण्डल) जोर १ घर लिइ आएको अवस्थामा प्रहरीले पकाउ गरेको हो भन्नेखिलबहादुर खड्काले अनुसन्धानको क्रममा गरेको बयान कागज ।

८) उपर्युक्त सबूद र आधारहरूबाट प्रतिवादीहरू रामबहादुर विश्वकर्मा र विमला विश्वकर्माले मनोज भन्ने खिलबहादुर खड्कासँग मिलोमतो गरी विभिन्न बहना बनाई दिक्तेल - ६ स्थित वातलको एकान्त जङ्गलमा पुर्याई तीनैजना मिली कर्तव्य गरी मारेको पुष्टि भएकोल मुलुकी अपराध संहिता २०७४ को दफा १७७ विपरीत १७७(२) बमोजिम हदैसम्मको सजायको मागदावी सहितको अभियोगपत्र ।

९) घर मरम्मत गर्नु परेको भनी मृतकका पतिले बोलाएको हुदा सो घरमा गइ काम गर्दा मृतकसँग मेरो चिनजान भएको हो । त्यसपछि कहिलेकाँही निजको घरमा जाने गर्दथेँ । म घरबाट आउँदै गर्दा हाटडाँडामा पुगेपछि देशविरा विश्वकर्मासँग भेट भयो र निजले मसँग मलाई मेरो लोग्नेसमेतले तिमीसँग बात लगाई मलाई कुटपीट गर्ने गर्छ, अब म तिमीसँग जान्छु । तिमीले मलाई लानुपर्छ भनिन् र मैले

त्यस्तो कुरा नगर मेरो घरमा श्रीमती छोरीहरू छन् । त्यसमा पनि तिमी विश्वकर्माको छोरी म क्षेत्री भएकाले म लान्न भनी भन्दा पनि जान्छु भनि पछिपछि आएकी रहिछन्  म वातल भन्ने ठाउँको लंखरी जङ्गलमा पुगेपछि निजले मलाई लानुपर्छ भनी मेरो  सर्टमा समाएपछि म लडें र मलाई पनि रिस उठी निजलाई लडाई नजिक रहेको ढुङ्गाले टाउकोको पछाडिपट्टि हानें पछि निजको मृत्यु भएछ । निज मृतकलाई मैलेमात्र मारेको हुँ । निजलाई मार्नमा मबाहेक अन्य कोही कसैको सल्लाह सहमतीसमेत छैन भन्नेसमेत व्यहोराका प्रतिवादी मनोज भन्ने खिलबहादुर खड्काले शुरू अदालतमा गरेको बयान

१०) प्रतिवादी विमला विश्वकमा र रामबहादुर विश्वकमाले अदालतमा  गरेको इन्कारी बयान

११)जाहेरवाला, मौकामा बुझिएका व्यक्तिहरु तथा प्रतिवादीका साक्षीहरुको बकपत्र

१२) खोटाङ जिल्ला अदालतको फैसला

१३) नेपाल सरकारको पुनरावेदनपत्र